# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# त्रिपुरा सुन्दरी नगरपालिका
# डोल्पा




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेश )


पत्र संख्याः२०७६/७७
च.नं १२३

मितिः २०७७/३/२९

श्री प्रमुख ज्यू,
त्रिपुरा सुन्दरी नगरपालिका,
डोल्पा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदूर पश्चिम प्रदेश)


visit nepal 2020 Lifetime Experiences

पत्र संख्या: ०७६।०७७
च.नं ९२३

मिति: २०७७।३।२९

श्री प्रमुख ज्यू,
त्रिपुरा सुन्दरी नगरपालिका,
डोल्पा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले त्रिपुरा सुन्दरी नगर कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१.पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२.लेखापरीक्षणबाट रु ३ करोड ४० लाख ४१ हजार बेरुजू देखिएको छ । सा मध्ये असुल गर्नुपर्ने रु १३ लाख ९७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड १३ लाख. ५६ हजार नियमित गर्नुपर्ने रु. २४ लाख. ४४ हजार र पेश्की बाँकी रु ८८ लाख ४४ हजार रहेको छ ।

३.लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १८ यसैसाथ संलग्न छ ।

४.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व एकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसकालागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९

(चन्द्रकान्त भण्डारी)
नायबमहालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# त्रिपुरा सुन्दरी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** नेपालको ६ नं. प्रदेश कर्णालीको १० जिल्ला मध्ये तुलनात्मक रुपमा र्दुगम हिमाली जिल्लाको रुपमा रहेको डोल्पा जिल्ला समून्द्र सतहबाट न्यूनतम १५२५ देखि अधिकतम ७७५४ मिटरको उचाईसम्म फैलिएको छ। साविकका त्रिपुराकोट, सुँ ल्हाँ, पहाडा र लिकू गाविसलाई समायोजन गरि त्रिपूरा सुन्दरी नगरपालीका गठन गरिएको हो। यस नगरपालिकामा ११ वटा वडा रहेका छन्।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकारद्वारा संचालन भएको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

## एकिकृत आय व्यय

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | | २३४१४१२३२.९ |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | | ११२४५८२००.१ |
| | ख) बैंक | | ५२२५२९५ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ४८४४४२४७.६५ | | क) ऋृण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | | ८५३५६५३.८८ | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ३९९०८५९३.७७ | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | ३१०६९६००० | | ऋृण लगानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | ७८७००००० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | | १८२१४३००० | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | | ० | ५ | **धरौटी फिर्ता** | | ४२५००० |
| | घ) विशेष अनुदान | | ४९८५३००० | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७३५४९०२ | ७ | **सशर्त अनुदानको रकम फिर्ता** | | |
| | क)वित्तीय समानीकरण अनुदान | | ४८९२००० | ८ | **मौज्दात** | | |
| | ख) सशर्त अनुदान | | ० | | क) नगद मौज्दात | | ० |
| | ग) समपूरक अनुदान | | २४६२९०२ | | ख) बैंक मौज्दात | | २२३१६०३३.८९ |
| | घ) विशेष अनुदान | | ० | ८ | **को ले नि का फिर्ता** | | ४४३५९५७.७७ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | | | |
| | क) ऋृण प्राप्ति | | ० | | | | |
| | ख) साँवा प्राप्ति | | ० | | | | |
| | ग) ब्याज प्राप्ति | | ० | | | | |
| | घ) अन्य प्राप्ति | | ० | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | ० | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ४००००० | | | | |
| १० | **धरौंटी आय** | | ११५५९८० | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | | |
| १२ | **अन्य विविध आय** | | ५००००० | | | | |
| | **जम्मा** | | **३७३७७६४२४ .७०** | | **जम्मा** | | **३७३७७६४२४ .७०** |

मुल संचितकोष खाताबाट ट्रान्सफर भएको रकम चालु खर्च खाता, पुजिगत खर्च खाता र अन्यकोष खाताहरुमा बाधिएको आम्दानीको कुलयोग सगँ भिडान नभएकोले सोको एकिन गरी भिडान हुनुपर्ने देखिन्छ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधि-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिनभित्र प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदानगर्ने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । नगरपालीका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई २०७५।३।३२ मा अख्तियारी प्रदान गरेको देखियो । | |
| २ | **वजेट पेश गर्ने तथा पारित गर्ने-**स्थानीयतह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीयतहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य पालिकावाट स्वीकृत गराई सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय-व्ययको अनुमानका साथै गतवर्षको वास्तविक आयव्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आयव्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले बजेट तथा कार्यक्रम २०७५।३।१० मा प्रस्तुत गरी पारीत गरेको छ। | |
| ३ | **आन्तरीक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम स्थानीयतहले आफनो कार्यालय वाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी ,नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।<br><br>(क) कार्यालयमा कार्यरत सबै कर्मचारीहरुको कार्य जिम्मेवारी सहितको कार्य विवरण तयार गरी लागू गरेको पाइएन ।<br>(ख) वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको<br>(ग) कार्यालयको लक्ष्य तथा कार्यक्रम बारेमा सेवा ग्राही संग अन्तरक्रिया कार्यक्रम गर्नु पर्दछ ।<br>(घ) कार्यालयले उद्देश्य प्राप्तीमा आइपर्ने संभाविन जोखिमहरु पहिचानगर्नु पर्दछ ।<br>(ङ) कार्यक्रम संचालनको अनुगमन तथा सुपरीवेक्षण अन्य तहबाट गर्नु पर्दछ ।<br>(च) जन्सी निरीक्षण गरि प्रतिवेदन उपर आवश्यक कारवाही गर्नु पर्दछ ।<br>(छ) डोर हाजिर नियन्त्रण खाता राखेको पाइएन ।<br>(ज) मु.अ.कर भुक्तानी को जानकारी आन्तरिक राजस्व कार्यालयमा नदिएको ।<br>(झ) स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ६८ बमोजिम ऋण लिएको छैन ।<br>(ञ) वार्षिक खरिद योजना र खरिद ईकाइ गठन गरेको पाईएन । कार्यालयको लागि आवश्यक पर्ने सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन र नियमावलिमा भएको व्यवस्था अनुसार काम गरेको पाईएन ।<br>(ट) यस नगरपालीकाले वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छैन ।<br>नगरपालिकाद्वारा यस वर्ष संचालित कार्यक्रमहरुको योजनागत अभिलेख राखेको पाइएन । अधिकाशं कार्यक्रमहरु उत्पादन मुखि भन्दा वितरणमुखि तरिकाले छनौट गरेको देखिन्छ ।<br>अभिलेखांकन तर्फ कतिपय गोश्वरा भौचरमा मिति सम्म उल्लेख गरेको भएतापनि केहीमा गोश्वारा भौचर नं ,तयार गर्ने र स्वीकृत गर्ने ,रकम वुझिलिनेको सहिछाप ,जस्ता कुराहरु नरहेको ,गोश्वरा भौचर सिलसिलेवार नभएकोले अभिलेख प्रणाली कमजोर रहेको देखिन्छ। नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरि यस्ता पक्षमा सुधार गर्नुपर्दछ । | |

| | | |
|---|---|---|
| ४ | **श्रोत अनुमान तथा वजेट सिमा-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्तहुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमानिर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सिमानिर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था वमोजिम कार्यपालिकाले समयमै गर्नुपर्दछ । | |
| ५ | **वजेट तथा कार्यक्रम तर्जुमा**-स्थानीयतह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादाम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । सो अनुसार नगरपालिकाले कार्यक्रम, कार्यक्रमको दोहोरोपना,कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्र गत कार्यक्रम आपसि तादाम्यता रहने गरि वजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्दछ । | |
| ६ | **आन्तरिक ऋण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम पालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । गाउँपालीकाले यो वर्ष कुनै पनि ऋण लिएको देखिएन । | |
| ७ | **स्थानीय तथ्यांक र अभिले**ख-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्यांक सम्वन्धि नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीयतहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापन प्रभावकारी बनाउन जरुरी देखिन्छ । | |
| ८ | **लक्ष्य प्रगतिको स्थिति :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका पालिका स्तरीय तथा केन्दीय स्तर आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । | |
| ९ | **संचालित कार्यक्रम/योजनाहरुको अभिलेख सम्बन्धमा-** नगरपालिका अनुदान कार्यक्रम खर्च अर्न्तगत बालबालीका, महिला, आदिबासी, जनजाती, स्वास्थ्य, शिक्षा, कृषि लगाएत भौतिक निर्माण लगाएतका कार्यक्रम संचालन भएको पाइयो । तथाथि यि संचालित कार्यक्रमकहरुको अभिलेख राखेको तर लागत अनुमान,कार्य संपन्न भएको अबधि, कार्य संपन्न हुदा भएको खर्च लागत साझेदारी अबस्था समेत आदि देखिने गरी कार्यक्रमहरुको योजना गत खाता राखेको पाइएन । | |
| १० | **खर्चको अनुमोदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताका कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । उपनियम (७) मा प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने समेत व्यवस्था छ । समितिले बिल भुक्तानीको लागि निवेदन साथ सम्झौता अनुसार काम सम्पन्न गरेको व्यहोरा मात्र उल्लेख गरी समितिको निर्णयका साथै खर्चको सार्वजनिक परीक्षण पूर्ण रुपमा गरिनु पर्दछ । | |
| ११ | **बैंक हिसाब**-वित्तिय विवरणले पालिकाको श्रेस्ता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यस वर्षको आम्दानी रु.३७३७७६४२४।७०- | |

| | | |
|---|---|---|
| | मा खर्च रु. ३५१४६०३९०।८१ भई को.ले नि. का फिर्ता रु४४३५९५७।७७. र वैक मौज्दात रु. २२३१६०३३।८९ रहेको छ । पालिकाले वैक हिसाव विवरण तयार नगरेकोले हिसाव एकिन गर्न सकिएन । | |
| १२ | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ६ प्रतिशत, दोश्रो चौमासिकमा १२ प्रतिशत र तेश्रो चौमासिकमा ८२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ३८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |
| १३ | **कर्मचारी व्यवस्था**-निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । हाल नगरपालिकामा कर्मचारी दरवन्दी ६० रहेपनि पदपूर्ति ८ मात्र रहेको देखियो । जसले गर्दा सेवा प्रवाहमा असर परेको छ । दरबन्दी अनुसारको पदपूर्तिका लागि तालुक निकायले ध्यान दिनु पर्ने देखिन्छ । | |
| १३.१ | **सेवा प्रवाह :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष गरेको सेवा प्रवाहको विवरण निम्नानुसार छ : | |

| सि.नं. | विवरण | सेवा प्राप्तिको लागि निवेदन | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ३०१ | २३५ |
| २ | घरबाटो सिफारिस | ० | ० |
| ३ | नाता प्रमाणित | ६० | ५५ |
| ४ | जन्म मृत्यु दर्ता | ४८५ | ३५५ |
| ५ | अन्य | ६६० | ६५२ |

| | | |
|---|---|---|
| १४ | **तलवी प्रतिवेदन :** नगरपालिकामा कार्यरत निजामति , शिक्षा ,स्वास्थ्य लगायत विषयगत क्षेत्रमा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा उक्त प्रतिवेदन पारित वेगर तलव भत्ता भुक्तानी खर्च लेखेको छ । | |
| १५ | **एकीकृत आय व्यय विवरण**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्षमा आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एकिकृत आर्थिक विवरण तयार नगरेको साथै सबै विषयगत क्षेत्रको कारोवार अलग अलग देखिने गरि प्रस्तुत गरेको देखिएन । सवै कारोवार समेटी कार्यालयको वैंक हिसाव विवरण तयार गरिनुपर्दछ । | |
| १६ | **वित्तीय जवाफदेहिता पालना**- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगद वा जिन्सी तथा अन्य सरकारी सम्पत्ति समेतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरि आन्तरिक नियन्त्रण व्यवस्थालाई प्रभावकारी वनाउने साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ ले गरेको व्यवस्था अनुसार समेत स्थानीय तहको आन्तरिक लेखापरीक्षण देखिएका व्यहोराहरुमा आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ । | |
| १७ | **विशेष भत्ता**- नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था भएकोमा नगरपालीकाले यस वर्ष विशेष भत्ता वापत रु. ३१५०००। खर्च लेखेको छ । | |

| | | |
|---|---|---|
| १८ | **सामाजिक सुरक्षा भत्ता-** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ को पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघिय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट प्राप्त रकम खर्च नभई बाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत कुल रु.१८५३४०००।- निकासा भएकोमा रु. १८४७७२००।- रकम खर्च भएको देखाएको छ । बाँकी रु. ५६८००।- को. ले.नि.का फिर्ता हुनु पर्ने रु.<br>सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वैक मा खाता खोल्न लगाई खातामा रकम जम्मा गरी वास्तविक लाभग्राहीमा पुगेको अवस्थाको प्रत्याभूति गर्नु पर्नेमा हस्तलिखित भरपाइमा ल्याप्चे लगाउने गरेको, लाभ ग्राहिको विवरण नियमित रुपमा सार्वजनिक गर्ने नगरीएकोले नगरपालीका तथा तालुक मन्त्रालयवाट वस्तुगत र तथ्य फरक अनुगमन निरीक्षण गर्ने गरेको नपाइएकोले भत्ता वितरणको वास्तविकता पहिचान गर्न नसकिएको साथै प्रत्येक लाभग्राहिको खाता खोल्न लगाइ तथ्यांक नियमित रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइ वैक खातामा रकम पठाउने नीति नगरपालिकाले अवलम्वन गर्नुपर्ने देखिन्छ । | ५६८०० |
| १९ | **राजश्व अभिलेख-** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहले रु. ८७२२६४१।४० राजस्व दाखिला भएको देखिएकोमा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा नगरपालिकाले बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| २० | **जिन्सी व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । साविकका गाउँ विकास समितिमा रहेका मालसमानहरु हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ नगरपालिकाले सम्पत्तिको अभिलेख तथा मूल्यवान जिन्सी सामानहरु हराउने, हिनामिना नहुने गरी मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी अभिलेख अद्यावधिक राख्नुपर्ने छ । नयाँ खरिद भएका मालसामानहरु समेतको जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ । नगरपालीकाको जिन्सी व्यवस्थापन कमजोर अवस्थामा छ । | |
| २१ | **बरबुझारथ-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको बुदाँ नं. १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिका नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक नगरेकोले यस नगरपालीकाले उक्त व्यवस्थाको कार्यान्वयन एवं परीपत्र अनुसारको कार्य गर्नुपर्दछ । | |
| २२ | **सञ्चित कोष-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि वडाहरुको खर्च खाता खोलेको देखिएन । आर्थिक वर्षको | |

| | | |
|---|---|---|
| | अन्त्यमा बाँकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको देखियो । | |
| २३ | **स्रोत नक्सांकन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत , पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा नगरपालीकाले आफ्नो प्रोफाइल तयार गरेको देखिएन । | |
| २४ | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था रहेकोमा कर्मचारी कल्याण कोषको स्थापना गरी रु. १०७२७६। पठाएको देखियो । | |
| २५ | **वातावरणीय प्रभाव-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष वातावरण संरक्षण सम्बन्धि कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । | |
| २६ | **व्यवसाय कर-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले कुनै पनि व्यवसाय कर उठाउने कार्यक्रम कार्यान्वयन गरेको छैन । | |
| २७ | **सवारी कर-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी साधन कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी साधन कर उठाउने उल्लेख छ । पालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट कुनै रकम असुल गरेको छैन । | |
| २८ | **मनोरञ्जन कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा हल, भिडियो , सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रर्दशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा तोकिए वमोजिम कर लिनूपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कुनै पनि कर संकलन गरेको पाईएन । | |
| २९ | **आनुपातिक कट्टी-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिसगँ भएको कामको विवरण पेश भएतापनि अनुपातिक कट्टीको विवरण पेश हुन आएन । लागत अनुमान तयार गर्दा उपभोक्ता समितीले गर्ने काम छुट्टयाउने गरेको छैन । कार्यसम्पन्न प्रतिवेदनमा पनि उपभोक्ता समितिले गरेको कामको मूल्याङ्कनमा छुट्टयाउने गरेको छैन । | |
| ३० | **बहुक्षेत्रिय पोषण :** यस कार्यक्रम अर्न्तगत सुनौलो १००० दिनका आमाहरुलाई तरकारीको बिउ, कुखुरा,लगायत कार्यक्रममा रु. १०८००००।- बजेट व्यवस्था भएकोमा नगरपालीका अर्न्तगत वडा नं. ५ र ६ का लक्षीत आमाहरुलाई छनौट गरी वितरण गरेकोमा सो को उपयोगका सम्बन्धमा प्रभावकारी अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गरेको छैन । यस्तो कार्यक्रम सबै वडालाई समेटी सञ्चालन गर्नुपर्नेमा केवल २ वडामा मात्र लागू गरेको हुदा समान वितरण गरेको छैन । | |
| ३१ | **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन सञ्चालित कार्यक्रमको सामाजिक परिक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले सञ्चालन गरेका सम्पूर्ण योजनाको सामाजिक परिक्षण गर्नुपर्ने देखिन्छ । सार्वजनिक परिक्षण नहुदा रकमको सहि सदुपयोग भएको भनि विश्वस्त हुन सकिएन । | |

<table>
<tr><td>३२</td><td>विद्युतिय लेखा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै पालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालीकाले यस वर्ष सफ्टवेयरमा आधारीत विद्युतिय लेखाप्रयोग गरेको देखिएन । नगरपालीकाले विद्युतिय लेखाप्रयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td>सेवा करार- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ (३) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा पाँच लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले साविक गा.वि.स. र जि.स.स बाट नियुक्ति भई आएका समेत जम्मा ३५ जना कर्मचारीलाई यस वर्ष रु. ८८२५७३९।९० भुक्तानी गरेको छ । जसल गर्दा सो नियमलाई पालना गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>३४</td><td>कण्टिन्जेन्सी खर्च : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निमाण कार्यको लागत अनुमान तयार गर्दा अनुसूची १ को ढाँचा अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेको छ । सो गर्दा वर्क चार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च गरी कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च भएको छ । कन्टिन्जेन्स रकम उपयुक्त कार्यमा खर्च भए नभएको एकीन हुन सक्ने गरी कन्टिन्जेन्सी सम्बन्धी खाता वा विवरण राखिएको देखिएन । साथै योजना अनुसार कन्टिन्जेन्सी खर्च गर्नुपर्नेमा सबै योजनाको कुल बजेटबाट एकमुष्ट कन्टिन्जेन्सी खर्च गरेको देखिन्छ । तसर्थ सम्वन्धित योजनाको लागि आवश्यक पर्ने कन्टिन्जेन्सी योजनागत रुपमा तयार गरी नियमानुसार खर्च गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३५</td><td>स्थानिय तहका पदाधिकारीको सुविधा - नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार त्रिपूरा सुन्दरी नगरपालीकाले देहाय बमोजिम ९५७३०००।- सुविधा वापत भुक्तानी गरेको छ ।<br>
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>मेयर</th><th>उपमेयर</th><th>वडा अध्यक्ष</th><th>कार्यपालीका सदस्य</th><th>सभाका सदस्य</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>वार्षिकसुविधा</td><td>५१००००</td><td>४५००००</td><td>३३०००००</td><td>१८१५०००</td><td>३०६००००</td><td>९१३५०००</td></tr>
<tr><td>२</td><td>सञ्चार सुविधा</td><td>२४०००</td><td>१८०००</td><td>१३२०००</td><td>०</td><td>०</td><td>१७४०००</td></tr>
<tr><td>४</td><td>यातायात खर्च</td><td>०</td><td>०</td><td>२६४०००</td><td>०</td><td>०</td><td>२६४०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५३४०००</td><td>४६८०००</td><td>३६९६०००</td><td>१८१५०००</td><td>३०६००००</td><td>९५७३०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td>पारीश्रमिक आय कर- आयकर ऐन २०५८ को दफा मा भन्ने व्यवस्था भएकोमा गाउँपालीकाका निम्न पदाधिकारीहरुले गत वर्ष र यस वर्ष समेतको एकैपटक पारीश्रमिक लिएको देखिएकोले सो को १५% ले हुने रु.३०३००।- असुल हुनुपर्दछ ।<br>
<table>
<tr><th>सि.नं.</th><th>नाम</th><th>कुल आय</th><th>नियमानुसार छुट</th><th>करयोग्य आय</th><th>१५ % ले हुने रकम</th></tr>
<tr><td>१</td><td>मेयर</td><td>५३४०००</td><td>४०००००</td><td>१३४०००</td><td>२०१००</td></tr>
<tr><td>२</td><td>उपमेयर</td><td>४६८०००</td><td>४०००००</td><td>६८०००</td><td>१०२००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३०३००</td></tr>
</table></td><td>३०३००</td></tr>
<tr><td>३७</td><td>योजना र कार्यान्वयन- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले आफनो क्षेत्रको एकीकृत विकास योजना तर्जमा गर्न गुरुयोजना तयार गर्नुपर्नेमा सो गरेको पाइएन । | |
| ३८ | **न्यायिक समितिको बार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम नगरपालिकाको न्यायिक समिसिले गरेको कामको बार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत समबनिधत सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आ.व. ०७४।७५ बाट सरेका ४ र आ.व.०७५।७६ मा दर्ता भएका १० मुद्धा समेत जम्मा १४ मुद्धा भएकोमा ४ मुद्धा फछर्यौट भई १० वटा मुद्धा बाँकी रहेको छ । तर सो समितिले गरेको कामको बार्षिक विवरण प्रमुख मार्फत सम्बन्धित सभामा पेश गरेको छैन । | |
| ३९ | **मू.अ.कर रकम भुक्तानीको जानकारी :** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १७ मा मू.अ.कर मा दर्ता भएको व्यवसायीले करविजक जारी गर्दा अनुसूचीमा तोकिए अनुसार रितपुर्वक गर्नु पर्दछ । निर्माण व्यवसायीले ठेक्का सम्झौता अनुसार पेश गरेको ठेक्का विल तथा नापी किताब अनुसार कार्यालयले रकम भुक्तानी दिएकोमा विभिन्न निर्माण व्यवसायीले कार्यालयबाट भुक्तानी लिएको मू.अ.कर रकम भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाएको देखिएन । | |
| ४० | **डोर हाजिरी फाराम नियन्त्रण खाता**ः कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.न.१७५ राख्ने गरेको छैन । यसले गर्दाकार्यालयमा के कति डोर हाजिरी फारामहरु क-कसको नाममा र कुन कामको लागि कहिले Issue भएको तथा डोर हाजिरी फारम जारी भएपछि उद्देश्य अनुसार काम भए नभएको यर्थाथ मूल्याङ्कन गर्ने अबस्था रहेन । | |
| ४१ | **मर्मत अभिलेख :** कार्यालयका मेसिन औजार एवं सवारी साधन मर्मत गर्दा राख्नुपर्ने अभिलेख (म.ले.प.फा.नं. २) राखेको पाइएन । यसबाट वर्षभरिमा के कति मेसिन औजार एवं सवारी साधन मर्मत भए र के कति रकम खर्च भयो । सो एकिन हुन नसकेकोले नगरपालीकाले उक्त अभिलेख राख्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४२ | **ईन्धनको लकबुक** :पालीकाले ईन्धन खर्च लेख्दा सो को प्रयोजन, दुरी, मिति, र स्थान जस्ता कुराहरु प्रष्ट देखिने गरी लकबुक तयार गर्नु पर्दछ । सो सम्बन्धी अभिलेखहरु पूर्ण रुपमा अद्यावधिक गरेको नदेखिएकोले नगरपालीकाले सो सम्बन्धमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४३ | **भ्रमण खर्च सम्बन्धमाः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछी सम्बन्धित कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । तर कार्यालयले भ्रमण अभिलेख राखेको पाइएन । यसैगरी भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपश्चात नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदनसाथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश भएपश्चात मात्र रकम भुक्तानी हुने व्यवस्था छ । तर भ्रमण प्रतिवेदन कार्यालयमा पेश नगरी दैनिक भत्ता तथा भ्रमण खर्च बापतको रकम भुक्तानी भएको पाइयो । | |
| ४४ | **अनुगमन तथा मुल्यांकन :** नगरपालिकाद्बारा यसवर्ष स्वीकृत अधिकांश कार्यक्रमहरु सडक मर्मत तथा सुधारसँग सम्वन्धित रहेका छन भने उक्त कार्यक्रमहरु विभिन्न उपभोक्ता समितिहरु मार्फत संचालन रहेका छन । उपभोक्ता समिति मार्फत संचालित कार्यक्रमहरुमा उपभोक्ताले पेश गरेको निर्माण सम्वन्धी विल रहेतापनि कतिपय त्यस्ता विलहरुमा निर्माण सामाग्रीहरुको खरीद तथा ढुवानी सम्वन्धी फुटकर विलहरु संलग्न रहेका छैनन् । उक्त निर्माण सम्वन्धी विलमा जिम्मेवार अधिकारीहरुको हस्ताक्षर जस्ता कुराहरु छुट भएको देखिएको साथै केही योजनाको सार्वजनिक परीक्षण | |

| | | |
|---|---|---|
| | समेत भएको नदेखिदा उपभोक्ता समिति मार्फत संचालन भएका सवै योजना तथा कार्यक्रमहरुको प्रभावकारी अनुगमन तथा मुल्यांकन हुनुपर्दछ । | |
| ४५ | **पेश्की-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार निम्नानुसारको नाममा पेश्की वाँकी देखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु. | ५५०५७५८ |

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | वापत | जम्मा रु |
|---|---|---|---|
| २०७५।०९।०५ | सरस्वती मन्दिर निर्माण उपभोक्ता समिति | मन्दिर निर्माण | ९४०५०.०० |
| २०७५।०९।०५ | प्रकाश आवि घेरवार निर्माण उपभोक्ता समिति | घेरवार निर्माण | १०९७२५.०० |
| २०७५।०९।०५ | स्वास्थ्य चौकी मर्मत पहाडा | मर्मत | २३५१२.०० |
| २०७५।०९।०५ | कलसा देखि पाल्तेखोला सिचाई निर्माण उपभोक्ता समिति | सिचाई निर्माण | २१९४५०.०० |
| २०७५।०९।२० | ढुँगा विच्छाउने उपभोक्ता समिति | ढुँगा विछाउन | १८८१००.०० |
| २०७५।१२।०४ | बयलडाँड खानेपानी निर्माण उपभोक्ता समिति | खानेपानी निर्माण | २८२१५०.०० |
| २०७५।११।२८ | महादेव मन्दिर घेरवार निर्माण उपभोक्ता समिति | मन्दिर घेरावार | ३१३५००.०० |
| २०७६।०१।२५ | घ्याङ्वारी तटबन्धन निर्माण उपभोक्ता समिति | तटबन्धन निर्माण | ४७०२५.०० |
| २०७६।०२।०१ | मोटरबाटो निर्माण उपभोक्ता समिति | बाटो निर्माण | १८८१००.०० |
| २०७६।०२।०६ | सामुदायिक भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | २८८५००.०० |
| २०७६।०२।०६ | अपाङ्क समुह | आय आर्जन | ८३१२५.०० |
| २०७६।०३।२५ | रमेश बहादुर रावत | कृषि अनुदान | ५३९८००.०० |
| २०७५।०९।२० | खोपकेन्द्र भवन निर्माण उपभोक्ता सिमित | भवन निर्माण | ८५५००.०० |
| २०७६।०३।१५ | श्री जयशंकर धिताल | न्यायिक समिति संञ्चालन | २४६६००.०० |
| २०७६।०३।२० | श्री कृष्ण निर्माण सेवा | भवन निर्माण | ७५००००.०० |
| २०७६।०३।३१ | श्री दिलिप कुँवर | सामान खरिद | १४०००० |
| २०७६।०२।२६ | तिलोत्तमा उपाध्याय (उ.स. अध्यक्षं) | कार्यालय भवन निर्माण | १६०६६८८ |
| २०७६।२।५ | त्रिपुरा सुन्दरी मन्दिर देखि शे.फो. प्रवेश द्वार उपभोक्ता समिति | पदमार्ग निर्माण | २३७५०० |
| २०७५/९/१७ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | १२४३३ |
| २०७६/३/२० | मेयर श्री ओम बहादुर बुढा | अनुगमन वापत | ५०००० |
| | | जम्मा | **५५०५७५८** |

नगरपालिकाद्वारा संचालन हुने विभिन्न कार्यक्रमहरु कर्मचारीद्वारा संचालन हुनुपर्नेमा जनप्रतिनिधिहरुले समेत कार्यक्रम संचालन पेश्की लिई संचालन गर्ने गरेको देखिएकोले निर्वाचित जनप्रतिनिधिहरुलाई प्रशासनिक कृयाकलाप सञ्चालनका लागि पेश्की दिनु उचित तथा नियम सम्मत देखिएन ।

४६ **सामाजिक सुरक्षा कर कट्टी नगरेको** : आ.व. ०७५/७६ मा नगरपालिकामा संचालित भएका विभिन्न योजनामा डोर हाजिरमार्फत कामदारलाइ रु १२३६१२९० भुक्तानी गरेको छ । आयकर ऐन २०५८ अनुसार सो भुक्तानीमा १% सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्नेमा गरेको छैन । नियमानुसार कट्टा गर्नुपर्ने रकम कट्टा गरी राजश्व दाखिला गर्नुपर्ने देखिएको रु.... १२३६१२.९

| भौ.नं. | योजनाको नाम र स्थान | भुक्तानी रकम | १% ले हुने कर रकम |
|---|---|---|---|
| ३०९ | भवन तथा शौचालय निर्माण दापु-१० | ५९५८४० | ५९५८.४० |
| ३०१ | विजुलीडाँडा मन्दीर निर्माण-दापु १ | २६९८४० | २६९८.४० |
| १७५ | मन्दीर निर्माण | १६२५०० | १६२५ |
| २२२ | देउराली आधारभूत विद्यालयवाट गाउँसम्म ढुँङ्गा विछ्याउने काम | १६२००० | १६२० |
| २२१ | खानेपानी तथा स्याउ खेती सिंचाई आयोजना | २१०००० | २१०० |
| २१८ | त्रिपुराकोट मावी खानेपानी मर्मत उपभोक्ता समिति–वालुवा ढुवानी | १८७९२० | १८७९.२० |
| २१५ | जनक आवी विद्यालय भवन निर्माण | २९१६०० | २९१६ |
| २१४ | मदु खानेपानी निर्माण | २६०६४० | २६०६.४० |
| २१० | युवा खेलकुद मैदान निर्माण | १५८४०० | १५८४ |
| १६३ | कोट गाउँ सिंचाई कुलो मर्मत | ४३२०० | ४३२ |
| १७६ | त्रिपुरा मावी कटियाकोट गोरेटोबाटो निर्माण | ४७३०४० | ४७३० |
| १७५ | अवतारी (देउती) मन्दीर निर्माण, त्रिपरासुन्दरी नं.पा.–३ | ३१५२०० | ३१५२ |
| २७२ | बन्दे खानेपानी योजना त्रिपुरासुन्दरी नं.पा-६ | ४५५०४० | ४५५०.४० |
| २७३ | छलगाड लघु जलविद्युत आयोजना मर्मत बडा नं.१ | ४६९७६० | ४६९७.६० |
| २७७ | अंगुरखेती तारजाली निर्माण उपभोक्ता समिति गल्ली वडा नं. १ | ३०८४६० | ३०८४.६० |
| २७८ | खेलकुद मैदान निर्माण त्रि.सु.न.पा-१० लिखु | ११९०४० | ११९०.४० |
| २७९ | अंगुरखेती तारजाली निर्माण वडा नं. १ तिलोराकोट | २३०२४० | २३०२.४० |
| २८० | खालीछरा लघु जलविद्युत आयोजना वडा नं. ७ र ८ पहाडा | ७१६८२० | ७१६८.२० |
| २८२ | महाकवि देवकोटा आधारभूत विद्यालय फर्निचर निर्माण वडा नं. १ रल्ली | १६०००० | १६०० |
| २९९ | जनपृय आधारभूत विद्यालय ४ कोठे भवन मर्मत त्रि.सु.न.पा. -९ | ४४६००० | ४४६० |
| ३०१ | विजुलीडाँडा मष्टा मन्दीर निर्माण त्रि.सु.न.पा.-१० | ४१०२४० | ४१०२.४० |
| ३०४ | धर्मशाला निर्माण त्रि.सु.न.पा.-८ | ३६५८८० | ३६५८.८० |
| ३०५ | खानेपानी निर्माण (दापु) त्रि.सु.न.पा.-१० | ५२५५४० | ५२५५.४० |
| ३०९ | दापु भवन तथा शौचालय निर्माण त्रि.सु.न.पा-१० | ६३३५३० | ६३३५.३० |
| ३३१ | थुपल्लादेखि फोल्तिङसम्म मोटरमाटो त्रि.सु.न.पा-६ | ३८३०४० | ३८३०.४० |
| ३३२ | कस्तुरी आधारभूत विद्यालय खेलकुद मैदान निर्माण त्रि.सु.न.पा-७ | ५९००० | ५९० |
| २५८ | कंचनजङ्गा आधारभूत विद्यालय तारजाली घेरावार त्रि.सु.न.पा-११ | ४७३३६० | ४७३३.६० |
| २५९ | अमरसिंह आ.वि.तारजाली तथा घेरावार निर्माण त्रि.सु.न.पा-११ | ४५२२०० | ४५२२ |
| २६१ | तामोगाड शौचालय निर्माण त्रि.सु.न.पा-१ | ८५२८० | ८५२.८० |
| २६२ | वलमड आ.वि.मर्मत त्रि.सु.न.पा-८ | १२९०००० | १२९०० |
| २६५ | वडा नं. १० भवन मर्मत | ४९८००० | ४९८० |
| २६६ | रामघाड आ.वि( तारजाली घेरावार निर्माण, वनतडी-११ | ३४५४२० | ३४५४.२० |
| २६८ | खदाङ्ग अंगुर खेती तारजाली निर्माण | १५९००० | १५९० |
| २६९ | हुमाने खोला अंगुरखेती क्षेत्र तारजाली निर्माण | ३६६६६० | ३६६६.६० |
| २७० | छोराखोला सडक निर्माण | २५५७६० | २५५७.६० |
| २७१ | महादेव स्थान निर्माण उपभोक्ता समिति वडा नं. ५ | २२८८० | २२८.८० |
| | **जम्मा** | **१२३६१३३०** | **१२३६१२.९** |

४७ वाला त्रिपुरासुन्दरी मन्दीरको पुनः निर्माण गर्ने क्रममा मन्दीर जाने वाटोमा रेलिङ

| | | |
|---|---|---|
| | राख्नको लागि रु.१७,४०,०२६।७७ को लागत अनुमान तयार गरि वाला सुन्दरी भगवती अक्षयकोष विकास समिति सँग मिति ०७५।९।३० मा संम्झौता भएको छ । संम्झौता अनुसार नगरपालिकाले १५ लाख र बाँकी काम जनसहभागिताबाट हुने उल्लेख छ । रेलिङ राख्ने काम भैसकेको छ भने पेटी मुनीको खम्बा मा बुट्टा भर्ने काम भैरहेको पाइयो । प्राप्त भएको कार्य सम्पन्न प्रतिवेदन एंव लागत अनुसारमा जनसहभागिताबाट हुने काम छुट्याउने गरेको पाईएन । | |
| ४८ | यस्तैगरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मंत्रालयको मिति ०७५।९।११ मा रु.२५ लाख र ०७६।३।२५ मा २५ लाख गरी ५० लाखमा मन्दीर पुनर्निर्माण गर्न मन्दीर विकास समिति सँग ०७६।१।२७ मा संम्झौता भएको छ । संम्झौता अनुसार ०७६।३।३२ मा कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । सो मन्दीरमा भएको निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा २ वटा वाथरुम बनाउने कार्य भैरहेको, धुपीचौर वरीपरी ढुङ्गा विछ्याउने कार्य भैरहेको, मन्दीरको ग्याविनमा ढुङ्गा भरी सुक्कापाल लगाउने कार्य भैरहेको पाइयो । त्यस्तैगरी ग्याविनमा मसिनो ढुङ्गा पनि प्रयोग गरिएको छ । ग्याविनको पछाडीपट्टी माटो फिलिङ गर्नु बाँकी छ । यस्तैगरी यो मन्दीरको लागि विभिन्न निकायबाट सहायता प्राप्त हुने गरेको र ति निकाय बाट गरेको काम र खर्च रकम छुट्टाछुट्टै देखिने गरी होल्डिङ बोर्ड (सूचना पाटी) राख्नु पर्नेमा राखेको छैन । यसरी काम पुरा नहुदै कार्यसम्पन्न प्रतिवेदन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।साथै होडिङ्ग बोर्ड राखे वापत रु ७०००।-खर्च लेखेकोमा सो राखेको नदेखिएकोले सो रकम असुल हुनुपर्ने | ७००० |



**धुपीचौर स्थित निर्माणाधिन मन्दिर**

| | | |
|---|---|---|
| ४९ | निम्न उपभोक्ता समितिलाई संम्झौता भन्दा रु. २७२६३ बढि भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिसँग असुल गर्नुपर्ने | २७२६३ |

| भौ.नं. | मिति | उपभोक्ता समितिको नाम | संम्झौता रकम | भुक्तानी रकम | बढी रकम |
|---|---|---|---|---|---|
| १६७ | २०७६।२।२९ | पहाडा स्वास्थ्य चौकी मर्मत | ७१,२५० | ७५००० | ३७५० |
| - | - | पहाडा स्वास्थ्य चौकी घेरावार | ५१,४८८ | ७५००० | २३,५१२ |
| | | | | **जम्मा** | **२७,२६२** |

| | | |
|---|---|---|
| ५० | **योजनाको छनौट :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा पालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाल घेरावार निर्माण जस्ता योजनाहरु अधिक संख्यामा समेत छनौट गरी खर्च गरेको | |

| | | |
|---|---|---|
| | पाइयो । कार्यालयले अनुत्पादक क्षेत्रका योजनामा खर्च भएको छ । अतः स्थानीय सरकार सञ्चालन ऐन व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ । | |
| ५१ | निम्न उपभोक्ता समितिले विभिन्न कार्य गर्नका लागि नगरपालिकासँग संभौता गरेको छ । संभौता अनुसार समयमा कार्य सम्पन्न गरेको पनि छैन । म्याद थप पनि भएको छैन । ति उपभोक्ता समितिसँग आ.व.को अन्त्यसम्म पेश्की बाँकी रहेको देखिएकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने रु | १७३०६०० |

| आयोजनाको नाम | काम | संभौता रकम | संभौता मिति | कार्यसम्पन्न गर्नुपर्ने मिति | पेश्की दिएका रकम |
|---|---|---|---|---|---|
| कुलशादेखि पाल्लेखोला | कुलो बनाउने | ६६५००० | ०७५/९/६ | ०७५/१२/३० | २१९४५० |
| प्रकाश आधारभूत विद्यालय सरस्वती मन्दीर निर्माण | मन्दीर निर्माण | २८५००० | ०७५/९/८ | ०७५/१०/११ | ९४,०५० |
| प्रकाश आधारभूत विद्यालय सरस्वती मन्दीर घेरावार | घेरावार गर्ने कार्य | ३६५७५० | ०७५/९/५ | ०७५/१/१५ | १०९,७२५ |
| दुनै वडाका ढुँङ्गा विछ्याउने काम | ढुँङ्गा विछ्याउने काम | ५००००० | ०७५/९/२७ | ०७५/१/१५ | १८८,१०० |
| महादेव मन्दीर निर्माण | मन्दीर बनाउने | ९५०००० | ०७५/११/२१ | ०७६/१/२८ | ३१३,५०० |
| रसिगाँउ खानेपानी योजना | खानेपानीको कार्य | ८५५००० | ०७५/११/२९ | ०७६/१/१५ | २८२,१५० |
| ध्याङ्वाटो तटबन्ध निर्माण | तटबन्ध निर्माण | १५०००० | ०७६/१/२ | ०७६/२/२८ | ४७,०२५ |
| मेहलनली–वनतडी मोटरबाटो | मोटरबाटो | ६००००० | ०७६/२/१ | ०७६/३/११ | १८८,१०० |
| सामुदायिक भवन निर्माण | भवन निर्माण | ४६०००० | ०७६/२/३ | ०७६/३/५ | २८८,५०० |
| जम्मा | | | | | १,७३०,६०० |

| | | |
|---|---|---|
| ५२ | भौ.नं. २११, मिति ०७६।३।१५ महादेव मन्दीरको लागि खरिद गरिएको जस्तापाता नेपालगञ्जबाट त्रिपुरासम्म ढुवानी गरेवापत रु.२०,०००।- भुक्तानी दिएकोमा आयकर ऐन २०५८ अनुसार २.५% कर कट्टा नगरेकोले असुल गर्नुपर्ने रु. | ५०० |
| ५३ | भौ.नं. १५, मिति ०७५।८।२५ जाजरकोट-डोल्पा सडक खण्डको उद्घाटनको लागि अतिथि हरुलाई उपहार खरिद गरी रु.४६०००।- खर्च गरेको छ । त्यस्तैगरी सोही कार्यक्रममा खाना लगायतमा भएको खर्च मध्ये अरुणिमा होटललाई रु.७७,२५०।- खाना खर्च भुक्तानी गरेकोमा नियमानुसार १.५% कर कट्टी गर्नुपर्नेमा नगरेको रकम असुल गर्नुपर्ने रु. | १८४८.७५ |
| ५४ | भौ.नं. २०३, मिति ०७६।३।२ उपभोक्ता समितिका अध्यक्ष श्री हरिनन्द बोहराले महादेव आधारभूत विद्यालयको घेरावार को कार्य सम्पन्न गरी फाँटवारी पेश गरेकोमा फाँटवारी परिक्षण गर्दा ढुवानीवापत रु.८५०००।- खर्च गरेकोमा आयकर ऐन २०५८ अनुसार २.५% करकट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु. | २१२५ |
| ५५ | पदम के.सी ले त्रिपुराकोट बगरबाट विद्यालयसम्म सिमेन्ट ढुवानी गरेवापत रु.१०६,०००।- भुक्तानी गर्दा आयकर ऐन २०५८ अनुसार २.५% कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु. | २६५० |
| ५६ | महाकवि देवकोटा आधारभूत विद्यालयलाई छानाछाउन अरुण हार्डवेयर एण्ड सप्लायर्सबाट रु. २,६३,७००।-को खरिद गरेको छ । सो कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । तसर्थ खरिद भएका जस्तापाता प्रयोग भएको नापी किताव, कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | २६३७०० |
| ५७ | यस नगरपालीकाले वडा १ का वडा अध्यक्ष श्री विश्वचन्द्र सुवाल र वडा नं. ३ का वडा अध्यक्ष श्री जनक के.सी. जुम्लामा स्याउको विरुवा खरिद गरी ल्याउनका लागि ०७५।११।१ देखि ०७५।११।७ सम्म जुम्ला भ्रमण गरी १,१३,७६६।-भ्रमण खर्च गरेको देखिन्छ । जुम्लाबाट के कति विरुवा खरिद गरि किसानलाई वितरण गरियो सो को दाखिला एवं वितरण अभिलेख पेश हुनुपर्दछ । | |
| ५८ | भौ.नं. २१८, मिति ०७६।३।१७ मधु खानेपानी योजनाको लागि खरिद गरिएका पाईप सिमेन्ट ढुवानी गरेवापत रामचन्द्र कुलालले रु. ६८,७५०। ढुवानी खर्च भुक्तानी लिएको आयकर ऐन २०५८ अनुसार २.५% कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु. | १७१८.७५ |

| | | |
|---|---|---|
| ५९ | नगर परिषदको निर्णय अनुसार स्याउ उत्पादक किसानलाई अनुदान वितरण गर्न प्रा.स. रमेश वहादुर रावललाई रु.८५,००,०००।-पेश्की उपलब्ध गरी प्रति बिरुवा रु.१०० का दरले रु. ७९,६०,२००।- खर्च गरी ११ वटै वडाका किसानलाई अनुदान रकम उपलब्ध गराएको भरपाई पेश गरेको छ । नगरपालिकाले किसानले गरेको कामको अनुगमन मूल्यांकन तयार गरेको छैन । अनुदान रकम किसानलाई बितरण गरी बाँकी रहेको रु.५,३९,८०० राजश्व दाखिला गरेको पाइएन । यसरी खरिदमा अनुदान एवं बिरुवा संरक्षण कार्यमा पनि अनुदान दिने कार्यको नियन्त्रण गरिनु पर्दछ । तसर्थ बाँकी रकम राजस्व खातामा दाखिला गरेको भौचर पेश गर्नुपर्दछ<br>यसरी खरिदमा अनुदान एवं बिरुवा संरक्षण कार्यमा पनि अनुदान दिने कार्यको नियन्त्रण गरिनु पर्दछ । | ५३९८०० |
| ६० | नगरपालीका अर्न्तगत ६ वटा वडामा  स्वास्थ्य चौकी भवन निर्माण गर्न राजधानी पत्रिकामा मिति ०७६।२।१८ मा बोलपत्र आव्हान गरकोमा सवैभन्दा कम कवोल गर्ने निर्माण व्यावसायीसँग संझौता भएको छ । सवै वडा कार्यालय छुट्टाछुट्टै  स्थानमा भएको र भवनको लागि सामाग्री प्राप्त हुने स्थान र ढुवानी गर्ने स्थान, भवन निर्माण गर्ने स्थानको माटो एवं ढुङ्गाको प्रकृति फरक फरक हुने हुन्छ । नगरपालीकाले सवै वडा  कार्यालय भवनको लागि रु.३२,९४,०००।- का दरले लागत अनुमान तयार गरेको छ । जसले गर्दा लागत अनुमान यर्थाथपरक छ भनि विश्वस्त हुन सकिएन । साथै सवै वडा कार्यालयको भवन निर्माण गरीने जग्गा नगरपालीकाको स्वामित्वमा जग्गाधनिपूर्जा आएको पाइएन । यसरी जग्गाको स्वामित्व नगरपालीकाको नाममा नआउदै भवन निर्माण गर्ने कार्य उचित मान्न सकिएन । | |
| ६०.१ | सबै निर्माण व्यावसायीलाई ०७६।३।२७ मा कार्यादेश दिएता पनि काम सुरु गरेको कुनै कागजात पेश गरेको छैन । नगरपालीका ले संझौता अनुसार काम गरे नगरेको अनुगमन गर्नुपर्दछ । | |
| ६०.२ | नगरपालीकाले कार्यालय भवन निर्माण गर्न ड्रइङ, डिजाइन, सर्भे, डि.पि.आर कुनैपनि तयार गरेको छैन । भवन निर्माणको कुल लागत अनुमान तयार गरी स्विकृत गरेको पनि छैन । प्रदेश सरकार वित्तिय सामानिकरण अन्तर्गत डि.पि.सि. सम्मको कामको लागि रु. ५८,६६,४१६।४३ को लागत अनुमान तयार गरी उपभोक्ता समिति सँग ०७६।१।६ मा संझौता गरेको छ । भवन निर्माण जस्तो जटिल प्रकृतिको काम उपभोक्ता समिति मार्फत गराउनु उपयुक्त देखिदैन । सो स्थानको स्थलगत निरीक्षण गर्दा जमिन सम्याउने, ढुँगा पन्छाउने, ढुङ्गा फोर्ने काम मात्र भएको छ । जग्गा धनिपूर्जा नगरपालीकाको स्वामित्वमा आएको प्रमाण पनि पेश भएको छैन । यस उपभोक्ता समितिलाई रु.१६,०६,६८८।-पेश्की उपलब्ध गराएकोमा आ.व. को अन्त्यसम्म पेश्की फर्छ्यौट भएको छैन । तसर्थ नियमानुसार पेश्की फर्छ्यौट गर्नुपर्ने देखिन्छ । | १६०६६८८ |
| ६१ | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८४ अनुसार आर्थिक प्रशासन शाखाका प्रमुखले महिना समाप्त भएको ७ दिन भित्र पेश्कीको विवरण कार्यालय प्रमूख समक्ष पेश गरी पेश्कीवारे समिक्षा गरी फर्छ्यौटको कार्य गर्नुपर्ने उल्लेख छ । तर यस कार्यालयले पेश्कीबारे अनुगमन गरेको प्रमाण राख्ने गरेको छैन । कार्यालयले पेश्की जिम्मेवारी सारे वा नसारेको समयभीत्र पेश्की फर्छ्यौट गरे वा नगरेको हेरी कारवाही गर्नुपर्ने उल्लेख भएता पनि सो अनुसार काम भएको पाइएन । तसर्थ नियमावलीमा भएको व्यवस्था बमोजिम पेश्कीको अनुगनम गरी कारवाही गर्नुपर्दछ । | |
| ६२ | प्रदेश समपुरक कोषमुहु-हुम-बननडी घोराखेर मोटरेवल बाटो निर्माण गर्न रु.४०,१६,८०१।- को लागत अनुमान तयार गरी राजधानी पत्रिकामा ०७६।२।१८ मा सिलबन्दी वोलपत्र आव्हानको सूचना प्रकाशित गरेकोमा २० वटा वोलपत्र पेश भएका मध्ये सबैभन्दा घटी कवोल गर्ने श्री कृष्ण निर्माण तथा ढुवानी सेवाको रु.१०,२१,२५२।२० को वोलपत्र स्विकृत गरीएको छ । जुन लागत अनुमान भन्दा ७४।५७% ले घटी छ । निजले संझौता गर्न नआएको कारणले धरौटी रकम | |

| | | |
|---|---|---|
| | रु.१,२५,०००।- जफत गरी दोस्रो घटी कवोल गर्ने हिमाली सप्लायर्स एण्ड निर्माण सेवाको रु. १०४७२६२।- को बोलपत्र स्विकृत गरेता पनि सम्झौता गर्न नआएको कारणले निजको पनि धरौटी रकम रु.१२५,०००।- जफत गरी तेस्रो घटी कवोल गर्ने द हिराचन कन्ट्रक्सनको रु.१२,०८,४२७।- को वोलपत्र स्विकृत गरी ०७६।४।७ मा संभ्कौता भएको छ । यसरी जफत भएको रकम संचित कोषमा राजश्व दाखिला गर्नुपर्नेमा नगरपालिकाको खातामा दाखिला गरेको हुँदा सो रकम राजश्व दाखिला गरेको भौचर पेश गर्नुपर्ने रु.<br>साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (४) अनुसार रु. १४६४६०८।- कार्यसम्पादन जमानत राख्नु पर्नेमा राखेको पाइएन । | २५००००<br>१४६४६०८ |
| ६३ | निलापैरा देखि छल सम्मको मोटर वाटो निर्माण गर्न रु.८३,७७,१०७।- को लागत अनुमान तयार गरी राजधानी पत्रिकामा ०७६।२।१८ मा सिलवन्दी वोलपत्र आव्हानको सूचना प्रकाशित गरेकोमा १९ वटा वोलपत्र दाखिला भएको मध्ये सबैभन्दा घटी कवोल गर्ने करिश्मा निर्माण सेवाको रु.२२,७०,२५५।- को वोलपत्र स्विकृत गरेको छ । जुन लागत अनुमान भन्दा ७२.८६% ले घटी छ । यस निर्माण व्यावसायी सँग ०७६।३।२७ मा संभ्कौता भएको छ । संभ्कौता अनुसार ०७६।९।२७ मा कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । तर कार्य सुरु भएको छैन । बैंक जमानतको म्याद पनि समाप्त भएको छ । तसर्थ कार्यालयसँग भएको संभ्कौताको कार्यतालिका अनुसार कार्य गराउने र बैंक जमानतको म्याद थप गराउनुपर्दछ ।<br>साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (४) अनुसार रु. ३१६६९३९।- कार्यसम्पादन जमानत राख्नु पर्नेमा राखेको पाइएन । | ३१६६९३९ |
| ६४ | धुपीरुखदेखि गाउँवडारसम्म मोटरेवल बाटो निर्माण गर्न रु.३४,६४,३५५।५० को लागत अनुमान तयार गरी उपभोक्ता समिति सँग ०७५।९।४ मा संभ्कौता भएको र संभ्कौता अनुसार ०७६।३।१५ मा कार्य सम्पन्न गर्नु पर्नेमा सोही अनुसार कार्य सम्पन्न गरी रु.३४,६०,२२७ को कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ । फाँटवारी परिक्षण गर्दा रु. ३०,६४,०००।- को डोर हाजिरवाट काम गराएकोमा आयकर ऐन अनुसार १% सामाजिक सुरक्षा कर कट्टा नगरेकोले असुल गर्नुपर्ने रु. | ३०६४० |
| ६५ | रवुली सिचाई योजना निर्माण गर्नका लागि रु.१०,३६,०५३।२३ को लागत अनुमान तयार गरी उपभोक्ता समिति सँग ०७५।९।४ मा संभ्कौता भएको र संभ्कौता अनुसार ०७६।३।१५ मा सम्पन्न गरेको छ । फाँटवारी परिक्षण गर्दा रु.४,३७,०००।- डोर हाजीरबाट खर्च गरेकोमा १% सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु | ४३७० |
| ६६ | खातीखोला जलविद्युत मर्मत गर्न नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSB) रु.१८ लाख र न.पा.को ५ लाख गरी रु.२३ लाखको लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग ०७५।१०।१८ मा संभ्कौता भएको छ । संभ्कौता अनुसार ०७६।३।३० मा कार्य सम्पन्न गर्नुपर्ने उल्लेख भए अनुसार कार्य सम्पन्न गरी रु.२३,६०,९६६।- को प्रतिवेदन पेश गरेको छ । यस योजनाद्धारा रु.१३१,६२५।- ढुवानी खर्च लेखेकोमा नियमानुसार २.५% कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने देखिएको रु. | ३२९१ |
| ६७ | पहाडा पहिरो नियन्त्रण गर्न न.पा.को रु २५ लाख र नेपाल जलवायु परिवर्तन कार्यक्रम (NCCSB) को रु.५० लाख गरी रु ७५ लाख बजेट व्यवस्था गरेको छ । सो कार्य गर्न रु.८१,३५,१२३।१३ को लागत अनुमान भएको छ । जसमध्ये रु.६,३५,१२३।- उपभोक्ता समितिले वेहोर्ने उल्लेख छ । उपभोक्ता समितिसँग ०७५।१०।१४ मा संभ्कौता भएको र ०७६।३।२० मा कार्यसम्पन्न गर्नुपर्ने उल्लेख छ । सो अवधि भित्र कार्य सम्पन्न हुन नसकि ०७६।४।१४ सम्म म्याद थप गरेको छ । सो अवधि भित्र पनि कार्यसम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । नगरपालीका र NCCSB को काम छुट्टाछुट्टै देखिने गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । सो योजनाको सामाग्री खोदाङ्ग देखि थू गाउँ सम्म खच्चडबाट ढुवानी गरेवापत ४,५०,४७४।- | ११२६२ |

| | | |
|---|---|---|
| | भुक्तानी गरेकोमा सो ढुवानीमा २.५% कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु. | |
| ६८ | अ.हे.ब टेकनाथ योगीलाई जेठ र आषाढको तलब भुक्तानी गर्दा ग्रेड रकम रु. ७३९०।- बढि भुक्तानी भएकोले असुल हुनुपर्ने | ७३९० |
| ६९ | खानीखोला जलविद्युत मर्मत गर्न नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSB) रु.१८ लाख र न.पा.को ५ लाख गरी रु.२३ लाखको लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग ०७५।१०।१८ मा संझौता भएको छ । संझौता अनुसार ०७६।३।३० मा कार्य सम्पन्न गर्नुपर्ने उल्लेख भए अनुसार कार्य सम्पन्न गरी रु.२३,६०,९६६।- को प्रतिवेदन पेश गरेको छ । यस योजनाद्धारा रु.१३१,६२५।- ढुवानी खर्च लेखेकोमा नियमानुसार २.५% कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने देखिएको | ३२९१ |
| ७० | **कर कट्टी छुट भएको :** आयकर ऐन २०५८ को दफा ८९ वासिन्दा व्यक्तिले ठेक्का वा करार वापत पचास हजार रुपैया .भन्दा बढीको रकम भुक्तानी दिदा भुक्तानीको कुल रकममा १.५ प्रतिशत का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसारको भुक्तानीमा १.५ प्रतिशत कर कट्टा नगरेकोमा कर कट्टा गरि दाखिला गर्नुपर्ने रु | ८९९५ |

| सि.न | फर्मको नाम | भुक्तानी रकम | १.५ प्रतिशतले हुने रकम |
|---|---|---|---|
| १ | विभिन्न खर्चको भुक्तानी | ४६०७२५ | ६९१० |
| २ | मोबाईल खरिद | १३९००० | २०८५ |
| | **जम्मा** | | **८९९५** |

| | | |
|---|---|---|
| ७१ | **जिन्सी दाखिला भएको नदेखिएको :** आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद ६ मा भएको व्यवस्था अनुसार कार्यालयद्वारा खरिद गरिएका मालसामानहरु महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालीकाले यसवर्ष निम्नानुसारका सामाग्री खरिद गरेकोमा खरिद आदेश र दाखिला प्रतिवेदन संलग्न गरेको छैन । तसर्थ जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ७५२७९९ |

| | | | |
|---|---|---|---|
| १ | ६□२०७५।०६।१४ | मोबाईल खरिद | ४१५०० |
| २ | ८□२०७५।०६।१४ | ऐन नियम कार्यविधि र निर्देशिका छपाई | ४८९९९९ |
| ३ | १९०□२०७६।०३।२५ | विभिन्न विषयका सिफारिस छपाई | २२१३०० |
| | | जम्मा | ७५२७९९ |

| | | |
|---|---|---|
| ७२ | निमित्त प्र. प्र. अ. श्री हिराचन्द्र धरालालाई बैशाख जेठ र आषाढको तलब भुक्तानी गर्दा ग्रेड रकम रु.१०३३५।६० बढि भुक्तानी भएकोले असुल हुनुपर्ने | १०३३५.६० |
| ७३ | **बिल भरपाई संलग्न नरहेको :** आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६ (३) अनुसार बजेट खर्च गर्दा विलभरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं. १७१□२०७६।३।१७ बाट डिजेल खरिद वापतको रु. ६३०६४५।- भुक्तानीमा लगबुक संलग्न भएको नदेखिएकोले के के काममा कहाँ कहाँ खर्च भएको हो सो को प्रमाण पेश गर्नुपर्ने रु | ६३०६४५ |
| ७४ | **सोलार खरिद :** १७२/ २०७६।३।१७ आठ थान सोलार खरिद गरी रु. १७६५०३।- भुक्तानी खर्च लेखेकोमा उक्त सोलार सेटहरु जडान गरेको प्रमाण पेश हुनुपर्ने | १७६५०३ |
| ७५ | **सोधभर्ना नलिएको :** त्रिपूरा सुन्दरी नगरपालीका अर्न्तगतको शेफोक्सुण्डो आधारभुत विद्यालयको तीन जना शिक्षकको तलब भत्ता रु. १६००००।- वित्तिय समानिकरणबाट खर्च लेखेकोमा सो को सोधभर्ना नलिएको रु. | १६०००० |
| ७६ | नगरपालीकाको आन्तरीक आयबाट रु. १०८६७७५।- भएको खर्च राजस्व बाँडफाडबाट लेखेकोमा आन्तरीक आय तर्फ आम्दानी बढाउने भन्दा संघिय सरकारबाट प्राप्त अनुदानबाट खर्च गर्ने प्रवृति देखिएकोले सो प्रवृतिमा नियन्त्रण हुनपर्दछ । | |
| ७७ | **भुक्तानी दिन वाकीको कच्चावारी नरहेको** : आर्थिक कार्यविधि नियमावली २०६४ को | |

| | | |
|---|---|---|
| | नियम ४० (७) चालु वजेटले नखाम्ने गरी बढी खर्च गर्न हुदैन भन्ने व्यवस्था रहेको छ । चालु वजेटले नखामेमा खर्च व्यहोर्ने भएमा वील भर्पाइ वमोविम आगामी वर्षमा भुक्तानी दिने गरि म.ले.प.फारम १८ तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई भुक्तानी दिन बाकीको कच्चावारी तयार गरी खर्च लेख्नुपर्नेमा सो वेगर शिक्षकहरुको गत वर्षको पोशाक र ग्रेड छुट भनि रु. २४४४०४९।- भुक्तानी दिएको नियमित नदेखिएको रु | २४४४०४९ |
| ७८ | **झोलुङगे पुल :** दरीया पानी झोलुङगे पुल निर्माण उपभोक्ता समितिलाई अन्तिम जाँच पास तथा मर्मत समिति गठन भएपश्चात प्रदान गरीने भनेको समपूरक कोषको प्रतिबद्धता अनुसार १०% ले हुने रकम रु .९२०८४।- भुक्तानी गरेको देखियो तर सो को अन्तिम जाँच पास तथा मर्मत समिति गठन र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको | ९२०८४ |
| ७९ | **स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम :** यस कार्यक्रम अर्न्तगत रु. १८८१००००।- बजेट व्यवस्था भएकोमा पूरै रकम निकासा भई खर्च भएको छ । सो कार्य सबै उपभोक्ता समिति मार्फत भएको छ । यस अर्न्तगत निम्नानुसार ३ वटा बाटो निर्माणका योजनाहरु रहेकोमा निम्नानुसार व्यहोरा देखियो । | १४७४६२०० |

| योजना | ईस्टीमेट रकम | खुद खर्च (कार्यालय तर्फ) | कैफियत |
|---|---|---|---|
| रल्ली गल्ली देखि सुलिगाँढ मोटर बाटो | ५८०२०७३.९४ | ४७५०००० | ज्यामि ज्याला र बोर्डको समेत जम्मा रु . ९८४०००।- को मात्र बिल रहेको ,बाँकी रु. ३७६१०००।- को कार्यगरेको फाँटवारीबाट देखीने गरी बिल राखेको छैन । |
| पाती हाल्ने देखि मसिने चौर एअरपोर्ट सम्म | ९४००६३९.९१ | ७६००००० | ज्यामि ज्याला र बोर्डको समेत जम्मा रु . ४१५४००।- को मात्र बिल रहेको ,बाँकी रु. ७१८५६००।- को कार्यगरेको फाँटवारीबाट देखीने गरी बिल राखेको छैन । |
| छल देखि त्रिपुराकोट | ७८०२९५१.०८ | ४७५०००० | ज्यामि ज्याला र बोर्डको समेत जम्मा रु ९५००००।- को मात्र बिल रहेको ,बाँकी रु. ३७९९६००।- को कार्यगरेको फाँटवारीबाट देखीने गरी बिल राखेको छैन । |

| | | |
|---|---|---|
| | कार्यालयले सम्झौता गर्दा मानिसद्वारा कार्य गराउने भनि उल्लेख भएकोमा पछि भौगोलिक विकटताको कारण उल्लेख गरी मेसिनद्वारा गराउने गरी कार्यपालीकाद्वारा निर्णय गरी भुक्तानी भएको छ । तसर्थ डोजरबाट सडकको काम गराउने गरी संशोधित लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ । मानिसबाट काम गराउने गरी लागत अनुमान बनाउने तर काम भने डोजरबाट गराएको हुदा सो को पुष्टयाई सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने | |
| ८० | महिला विकास अधिकृत सम्झना अधिकारीले अपाङ्ग परीचय पत्र छपाई लगायतका कार्य गर्न रु. १९५५००- पेश्कि फछ्र्यौट गर्दा निजले छपाई गरेका सामानहरु खर्च नभई मौज्दातमा रहेको देखियो । उक्त सामान वितरणको प्रमाण पेश हुनुपर्ने | १९५५०० |

| सि.नं. | सामानको नाम | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १ | अपाङ्ग परिचय पत्र | १०००० | १० | १००००० |
| २ | अपाङ्ग निवेदन | ४००० | ६ | २४००० |
| ३ | अपाङ्ग अभिलेख फारम | ४००० | ९ | ३६००० |
| ४ | अपाङ्ग रजिष्टर | १० | १७५० | १७५०० |

| | | |
|---|---|---|
| | ५ \| अपाङ्ग परिचय पत्र कार्ड \| ३००० \| ६ \| १८०००<br>**१९५५००** | |
| ८१ | व्याडमिन्टन बोर्ड  खेलमैदान निर्माण गरेवापत विर बहादुर धरालालाई रु. २७१४७५।- भुक्तानी गर्दा आयकर ऐन २०५८ अनुसार १.५% कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु. | ४०७१ |
| ८२ | गौतम आर्टलाई जनचेतनामुलक सन्देश विभिन्न स्थानमा भित्ते लेखन , विभिन्न कार्यक्रममा व्यानर लेखन , पूरानो साईन बोर्डमा नयाँ लेखनसमेत रु. ४२९५००।- **भुक्तानी गरेकोमा** आयकर ऐन २०५८ अनुसार १.५% कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु. | ६४४३ |
| ८३ | **वित्तीय जवाफदेहिता मूल्यांकन** : सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन र विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको शिलशिलामा मूल्यांकन गर्दा कूल १०० अंक मध्ये ६६ अंक प्राप्त गरी ग्रेड " बि" प्राप्त गरेको पाइएको छ । अन्य विषयमा समेत सुधार गर्नुपर्दछ । | |
| ८४ | **बेरुजु तथा सम्परीक्षण-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजूको सम्बन्धमा सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार फछ्र्यौट गर्न बाँकी वेरुजु रु.२०२६२८११।४७ रहेको उल्लेख छ । बाँकी बेरुजु  असुल फछ्र्यौट हुनुपर्दछ । | |

*अनुसूची १*

## त्रिपुरा सुन्दरी नगरपालिकाको सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७५/७६

*(रु. हजारमा)*

| क्र.सं. | स्थानीय तह | | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | त्रिपुरा सुन्दरी नगरपालिका | डोल्पा | ५२२५ | ८३५९२ | २३४४५९ | ५०५०० | ३६८५५१ | २३४१४१ | ११२४५८ | ४८६१ | ३५१४६० | २२३१६ |

*अनुसूची २*

## त्रिपुरा सुन्दरी नगरपालिकाको यो वर्षको बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)
## आर्थिक वर्ष २०७५/७६

*(रु. हजारमा)*

| सि.न. | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | त्रिपुरा सुन्दरी नगरपालिका | डोल्पा | ४७ | ३६ | ३४०४१ | ० | ० | ० | ४७ | ३६ | ३४०४१ | १३९७ | २४४४ | २१३५६ | ० | ० | २३८०० | ० | ८८४४ | ८८४४ |

**अनुसूची ३**

## अद्यावधिक वेरुजू स्थिति

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | त्रिपुरा सुन्दरी नगरपालिका | डोल्पा | २०२६२ | ० | २०२६२ | ० | ३४०४१ | ५४३०३ |